हंसपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, बघचौड़ा, धनुषा

# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७-०४-२१ )

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७६/७७ च.न./PMEP/२३ को मितिः-२०७७/०४/१२ को पत्रानुसार यस हंसपुर नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक **प्राविधिक सहायक** पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स. | बिज्ञापन न. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१/२०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौ तह सरह | १ |

१. **आवश्यकन्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इंजिनियरिंगमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीपः- प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा **३ महिने तालिम** लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक समबन्ध सम्बन्धी सीप सहित कम्तीमा **६ महिनाको अनुभव** भएको ।

(ग) उमेरः- १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको

२. **दरखास्त दिने स्थानः-** हंसपुर नगरकार्यपालिकाको कार्यालय, बघचौड़ा, धनुषा

३. **दरखास्त दिने अन्तिम मितिः-**२०७७/ ०५ /०३ (बिदा परेमा भोलि पल्ट सम्म)

४. **आवेदन दस्तूरः-** रु. ४००/- (चार सय) (हंसपुर नगरपालिका को राजस्व खाता नं ११७००७३४६३८०००७१ एन. एम. बि. बैक हंसपुर शाखा बेल्ही चौक)

५. **छनोटको किसिमः-** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता, न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुबिधाः-** नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**